अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०९/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः २०७८/०९/०९

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | अनुपस्थित |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री विपिन लम्साल | उपस्थित |

आमन्त्रित

| | | |
|---|---|---|
| सहायक (चौथो) | श्री सौजन कटुवाल | उपस्थित |

***बैठक संख्या ९/०७८/०७९*** **अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक** ***मिति २०७८/०९/०९***

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/०९/०९ गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१.** अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**२.** दशौं नगर सभा सञ्चालनका लागि कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत कार्ययोजना अनुसार सभामा पेश गर्ने प्रस्तावहरुको पूर्व तयारी गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**३.** अर्जुनधारा नगरपालिकामा रही विभिन्न सामाजिक क्षेत्रमा लामो समयदेखि महत्वपूर्ण योगदान पुर्याएका अगुवा तथा आफ्नो क्षेत्रबाट अर्जुनधारा नगरपालिकाकै नाम राख्न सफल व्यक्तित्वहरुको पहिचान गरी निजहरुको योगदानलाई स्मरण गर्दै नगरपालिकाको तर्फबाट सम्मान जनाउनका लागि निम्न क्षेत्रहरुमा निश्चित सूचकहरुको आधारमा व्यक्तित्व पहिचान गर्न देहाय बमोजिम एक समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।समितिबाट प्रतिवेदन प्राप्त भए पश्चात यस नगरपालिकाको आगामी नगर सभामा सम्मान अर्पण गर्ने निर्णय गरियो ।

**क.** सम्मान अर्पण गरिने विधा तथा संख्या

| **विधा** | **संख्या** |
|---|---|
| कृषि तथा पशुपंक्षी | २ जना |
| पर्यटन प्रवर्द्धन | १ जना |
| शिक्षा सेवा<br>(निजी तथा संस्थागत दुवै क्षेत्रको प्रतिनिधित्व हुने गरी) | ४ जना |
| सहकारी तथा गैर सरकारी क्षेत्र | २ जना |
| भाषा कला तथा साहित्य | ३ जना |
| युवा तथा उद्यमशिलता | २ जना |
| सार्वजनिक सेवा प्रवाह | १ जना |
| खेलकुद | ३ जना |
| वन वातावरण तथा विपद् व्यवस्थापन | २ जना |
| समितिले आवश्यक ठानेका अन्य विषय | ४ जना |

**ख. <u>समितिको गठनः</u>**

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| विषयगत समितिका संयोजकहरु | सदस्य |
| सम्बन्धित विषयगत शाखाका अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका प्रमुख | सदस्य सचिव |

**ग.** छनौट तथा बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।